Ghodaghodi Municipality

Office of Municipal Executives

Sukhad, Kailali

Sudurpaschim Province, Nepal

# BIDDING DOCUMENT

घोडाघोडी मन्दिर क्षेत्रमा अन्तरिक आय कर संकलन कार्य

ठेक्का नं.: NCB/GOODS/GMU/03/082/083

Issued by:
Ghodaghodi Municipality
Office of Municipal Executives
Sukhad, Kailali
Sudurpaschim Province, Nepal
Tel No. 091-403064

घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुख्खड, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

घोडाघोडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना
प्रथम पटक प्रकाशित मिति: २०८२/०५/०५

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११(घ) को उपदफा ६ अनुसार यस नगरपालिका क्षेत्र भित्र आन्तरिक आय सम्बन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तपशिल बमोजिमको कर उठाउने ठेक्का लिन ईच्छुक र योग्य (मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०८०/०८१ सम्मको कर चुक्ता, फर्म नवीकरण भएको) फर्म वा कम्पनीबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्न यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम अंक (मु.अ. कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १. | NCB/GOODS/GMU/03/082/083 | घोडाघोडी मन्दिर क्षेत्रमा अन्तरिक आय कर संकलन कार्य | १४,८५,०००/- (चौध लाख पैचासी हजार मात्र) | १०००/- | कबोल अंकको ५% |

थप जानकारीका लागि यस नगर कार्यपालिकाको कार्यालयको वेबसाइट https://www.ghodaghodimun.gov.np/ne मा र www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ। साथै शर्त, ठेक्का अवधि तथा शुल्क लिने दररेट लगाएतको विस्तृत विवरण बोलपत्र फाराम साथ संग्लन गरिएको छ।
जम्मा गर्नुपर्ने बैंकको नाम: कृषि विकास बैंक, सुख्खड, कैलाली (घोडाघोडी नगरपालिकाको नाममा रहेको)
राजश्व खाता नं.: ०८२२३००४१११५११९६
धरौटी खाता नं.: ०८२२३००४१११५१०९९

२०८२/०५/०५

प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**शर्तहरु:**

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले (२०८२/०५/२०) १६ औ दिनको १२ बजे भित्र माथि उल्लेख भएको समयमा ठेक्का फारम खरिद दस्तुर वाफत रु. १००० (एक हजार मात्र) फिर्ता नहुने गरी फर्म/कम्पनी वा संस्थाको नामबाट Sutra Revenue Model को बैंक Interface बाट राजस्व दाखिला फाराम भरी कृषि विकास बैंकमा रहेको घोडाघोडी नगरपालिकाको अन्तरिक राजस्व खाता (खाता नं. ०८२२३००४१११५१११९६) मा जम्मा गरी नेपाल सरकारको विधुतीय खरिद प्रणालीको Website http://www.bolpatra.gov.np/egp मा सबै विवरण भरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरीदकर्ता, फर्म/कम्पनी वा संस्था भएमा आ.व.०८१/८२ को नवीकरण सहितको संस्था दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ को कर चुक्ताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत Upload गरी बोलपत्रपेश गर्नुपर्नेछ ।

३. एक फर्म/ कम्पनी वा संस्थाको नामबाट खरीद गरि अर्को फर्म/ कम्पनी वा संस्थाको नामबाट बोलपत्र दाखिला गर्न पाईने छैन । बोलपत्रपेश गर्दा बोलपत्रखरीद दस्तुर बुझाएको सक्कललै भौचर अनिवार्य Upload गर्नु पर्नेछ ।

४. बोलपत्र फाराम १६ औं दिनको १२ बजेभत्र विधुतीय खरिद प्रणालीको Website http://www.bolpatra.gov.np/egp मा Upload गरिसक्नु पर्नेछ । बोलपत्र सोही दिन दिनको २ बजे यस कार्यालयमा खोलिनेछ ।

५. बोलपत्र खोल्दा बोलपत्रदाता स्वयं वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ । उक्त समयमा बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि उपस्थिति नभएमा बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

६. बोलपत्र फारामका साथ आफूले कवोल गरेको ठेक्का अंकको उल्लेखित बोलपत्रको धरौटी वाफतको रकम घोडाघोडी नगरपालिकाको कृषि विकास बैंकमा मा रहेको धरौटी खाता नं. ०८२२३००४१११५१०९९ मा फर्म/ कम्पनी वा संस्थाको नामबाट नगद जम्मा गरेको सक्कल भौचर बोलपत्र पेश गर्ने अन्तिम मिति देखी कम्तिमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट जमानत जारी गर्न योग्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी गरीएकोजमानी पत्र (Bid Bond) पेश गर्नु पर्नेछ । सो जमानी पत्र/ भौचरमा सम्बन्धित ठेक्कपट्टा नं. र कामको विवरण उल्लेख भएको हुनुपर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

७. बोलपत्र स्वीकृत भइसकेपछि बोलपत्रदाताले एकमुष्ट ठेक्का रकम बुझाउन चाहेमा कुल ठेक्का अंकको ५ प्रतिशत रकम छुट दिइनेछ। यदि ठेक्का रकम किस्ता बन्दीमा बुझाउन चाहेमा तीन किस्ता भित्रमा रकम बुझाई सक्नु पर्नेछ

नि. प्रमुख प्रशासकीय अधिकृत

। सम्झौता गर्दा पहिलो किस्ता वाफत ४०% रकम सम्झौता गरेकै समयमा अनिवार्य बुझाउनु पर्नेछ । बाँकी किस्ताको हकमा ३० % ले हुने रकम २०८२ माघ मसान्त भित्र र बाँकी ३० % प्रतिशति हुने रकम २०८२ जेठ मसान्त भित्र कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

८. बोलपत्रदाताले कवोल गरेको रकम एकमुष्ठ नगदै यस कार्यालयमा जम्मा गरेमा कार्यसम्पादन जमानत (Performance Bond) आवश्यक पर्ने छैन र किस्तामा बुझाउनेको हकमा प्रथम किस्ता बुझाई बाँकी दोस्रो र तेस्रो किस्ता रकमको हकमा सो किस्ता बराबरको २०८३ भाद्र मसान्त सम्म म्याद रहने गरी यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट जमानत जारी गर्न योग्य बैंक तथा वित्तीय संस्था ले जारी गरेको बैंक कार्यसम्पादन जमानत (Performance Bond) पेश गरेपछि मात्र चलान पुर्जी दिइनेछ ।

९. ठेक्का अवधिमा कुनै वाधा अड्चन आइपरेमा वा बोलपत्रदाता र कार्यालयवीच अस्पस्टता भएमा प्रचलित ऐन, कानुन तथा नियम र सम्झौताको शर्त तथा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

१०. ठेक्काको अवधि आ.व. २०८२/०८३ को (१) एक आ.व. २०८३ असार मसान्त सम्मको लागि हुनेछ ।

११. यस कार्यालयबाट विगत बर्षहरुमा लगाइएको ठेक्काको रकम बुझाउन बक्यौता रहेका व्यक्ति, फर्म वा संस्थाको बोलपत्र स्वीकृत हुने छैन ।

१२. प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई बुझाउनु पर्ने कर, दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पनेछ ।

१३. बोलपत्रदाताले नगरपालिकाले तोकेको कर, तोकिएको सङ्कलन केन्द्रबाट तोकिएको दररेट अनुसार मात्र सङ्कलन गर्नुपर्नेछ ।

१४. बोलपत्रको अन्य डकुमेण्टमा (भाषागत समेत) त्रुटी भएकमा वा बिषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै बेला सच्याउन वाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा सूचनानै रद्द गर्ने निर्णयका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५. माथि उल्लेखित बुदाहरु बाहेक अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ।

१६. यस ठेक्का सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभत्र यस कार्यालयको राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

घोडाघोडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सुखड, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

**अन्तरिक आय कर संकलन कार्यका लागि कवोल गरेको रकमको विवरण**

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम ठेक्का अंक रु.मा (मु.अ. कर बाहेक) | कवोल रकम(रु.) कर बाहेक | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षेरमा | | |
| १. | NCB/GOODS/GMU/03/082/083 | घोडाघोडी मन्दिर क्षेत्रमा अन्तरिक आय कर संकलन कार्य | १४,८५,००० /- (चौध लाख पैचासी हजार मात्र) | | | कवोल अंकको ५% | |

फाराम साथ दाखिला गर्नुपर्नेकागजातहरु:

१. फर्म, कम्पनी वा व्यवसाय इजाजतको प्रमाण (नविकरण भएको), स्थायी लेखा दर्ता नं. तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, प्रतिलिपिहरु ।

२. टेण्डर फाराम खरिद गरेको रसिद, सक्कल, धरौटीको भौचर वा वैंक ग्यारेन्टी (विडवण्ड) प्रति ।

३. आ.व. ०८०।८१ सम्मको कर चुक्तापरमाणपत्र पेश गरेको प्रमाण कागजातको प्रतिलिपी ।

४. अख्तियारिनामा ।

५. बोलपत्रदाताहरुले बोलपत्र खोलेको ७ (सात) दिन भित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा बुझाई सक्नुपर्ने छ । अन्यथा उक्त बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिईने छैन ।

६. अन्य (कुनै थप कुरा वा विबरण भए पेश गर्न सकिने) ।

नोटः बोलपत्रदाता आफु यस अघि कुनै पनि खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो कुनै स्वार्थ नवाझिएको सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको घोषणा गर्दछु भनी सही गर्ने......................

फर्मको नाम:

प्रोप्राईटरको सही :

फोन नं.:

प्रोप्राईटरको नाम:

रजिष्टर्ड नं.:

ठेगाना:

घोडाघोडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली

| क्र.स. | सवारीका प्रकार | दर |
|---|---|---|
| १ | ठुला | ३० |
| २ | मझौला | ३० |
| ३ | साना | ३० |
| ४ | तीन पाङ्ग्रे | २० |
| ५ | मोटरसाईकल | २० |
| **क्र.स.** | **व्यवसायका प्रकार** | **न्युनतम दैनिकदर** |
| १ | खाजा नास्ता | १५ |
| २ | आईसक्रिम,वरफ,कुल्फि,पानि,गन्ना जुश | १० |
| ३ | पुजा सामग्री पसल | १५ |
| ४ | खेलौना पसल | १५ |
| ५ | अन्य ठेलागाडा | १५ |
| ६ | सार्वजनिक शौचालय (पिसाव) | ५ |
| ७ | सार्वजनिक शौचालय (दिशा) | १० |
| **क्र.स.** | **टिकटका क्षेत्र** | **दर** |
| १ | प्रवेश टिकट | १० |
| २ | क्यामेरा टिकट | ५० |
| ३ | ड्रेस टिकट | ५० |
| ४ | घोडा टिकट | ५० |

नि. प्रमुख प्रशासकीय अधिकृत